नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३६ अंक ९७ २०८३ साल कात्तिक २६ गते बिहीबार (12 Nov 2026 Thursday) मूल्य रु. ५/-

बाल अधिकारको संरक्षण

बचावटको अधिकार :
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
विकासको अधिकार :
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
संरक्षणको अधिकार :
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
सहभागिताको अधिकार :
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

Log in : *rajbirajdainik.com.np*

यस अंक भित्र : २ पृष्ठमा : विश्वमा बढ्दो तापक्रमले... ३ पृष्ठमा : 'जलवायु संकटले विश्वको... ३ पृष्ठमा : ट्रम्पको बिबिसीविरुद्धको...

मधेशका मुख्यमन्त्री यादवले कात्तिक २८ गते विश्वासको मत लिने



दैनिक समाचारदाता जनकपुरधाम, २५ कात्तिक ।

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले यही कात्तिक २८ गते प्रदेशसभामा विश्वासको मत लिनुहुने भएको छ ।

प्रदेश सरकारमा सहभागी नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कम्युनिष्ट पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिन लागेका हुन् ।

प्रदेशसभाबाट यही कात्तिक २८ गते दिउँसो १:०० बजे विश्वासको मत लिने मुख्यमन्त्री यादवले बताए ।

विश्वासको मत लिनका लागि प्रदेशसभाको बैठक बोलाउन प्रदेशसभा सचिवालयलाई पत्राचार गर्न लागिएको मुख्यमन्त्री यादवको भनाइ छ ।

विश्वास प्राप्त गर्न विभिन्न राजनीतिक दलसँग संवाद जारी रहेको र विश्वासको लिनु अघिसम्म संवाद जारी राख्ने मुख्यमन्त्री यादवले बताए ।

नेपाली कांग्रेस नेतृत्वको सरकारमा सहभागी नेकपा एमालेका चार जना मन्त्रीले गत असोज २५ गते सामुहिक राजीनामा दिँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो ।

यस्तै सरकारमा सहभागी नेपाली कम्युनिष्ट पार्टीका चार जना मन्त्रीले यही कात्तिक २० गते राजीनामा दिँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो ।

सत्तारुढ दुई दलले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले सरकार जोगाउन सक्रियता बढाएका छन् । १०७ सदस्यीय मधेस प्रदेशसभामा सरकार गठनका लागि कम्तीमा ५४ प्रदेशसभा सदस्यको समर्थन आवश्यक पर्छ ।

मधेस प्रदेशसभामा नेपाली कांग्रेसका २२, एमालेका २३, जसपा नेपालका २७, नेपाली कम्युनिष्ट पार्टीका १५ र जनमत पार्टीका १२ सदस्य छन् । त्यस्तै, सङ्घीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक-एक सदस्य छन् ।

प्रतिबन्धित औषधिसहित एक भारतीय नागरिक पक्राउ

दैनिक समाचारदाता सिरहा, २५ कात्तिक ।

भारतबाट मोटरसाइकलमा नेपालतर्फ आउँदै गरेका एक भारतीय नागरिक सिरहामा प्रतिबन्धित औषधिसहित पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा भारतको बिहार राज्य, मधुबनी जिल्ला झझरी गाउँका करिब ३५ वर्षीय मनोज कुमार साह छन् ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार मंगलबार भगवानपुर गाउँपालिका ४ स्थित बलान खोला नजिकको गोरेटो बाटोमा प्रहरी चौकी ठाडीबाट खटिएको गस्ती टोलीले उनलाई पक्राउ गरेको हो ।

भारतबाट नेपालतर्फ आउँदै गरेको बीआर ३२ एडी ४५४९ नम्बरको मोटरसाइकल शंकास्पद लागेपछि प्रहरीले जाँच गरेको थियो । सो क्रममा मोटरसाइकलको लेगार्डमा झुन्ड्याइएको झोलाभित्र प्रतिबन्धित औषधि फेला परेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार झोलाबाट बेनाड्रिल सिरपका ३० बोतल र डेक्सोरेन्ज सिरपका २९ बोतल गरी जम्मा ५९ बोतल बरामद गरिएको छ ।

बरामद औषधि, मोटरसाइकल र पक्राउ परेका साहलाई थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय लहानमा ल्याइएको प्रहरीले जनाएको छ ।

वाइन पसलमा आगलागि

दैनिक समाचारदाता राजविराज, २५ कात्तिक ।

सप्तरीको रुपनी गाउँपालिका ६ विरेन्द्र बजारस्थित एक पसलमा आगलागी भएको छ । संतोष वाइन सप्लायर्समा बुधबार आगलागी भएको हो ।

तल्लो तल्लामा पसल संचालनमा रहेको अवस्थामा अचानक दोश्रो तल्लाको गोदाममा आगलागि भएको संचालक संतोष साहले बताए ।

आगो लागेको थाहा पाउनसाथ स्थानीयबासी जुटेपछी ३० मिनेटपछि आगो नियन्त्रणमा आएको थियो ।

बाँकी अन्तिम पृष्ठमा

मोटरसाइकल, स्कुटर र साइकल ठोक्किँदा सात वर्षीया बालिकाको मृत्यु

दैनिक समाचारदाता सुनसरी, २५ कात्तिक ।

सुनसरीको इनरुवा नगरपालिका ५ बलाहामा मोटरसाइकल, स्कुटर र साइकल एकआपसमा ठोक्किँदा सात वर्षीया बालिकाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् ।

आज साँझ पूर्ववाट पश्चिमतर्फ जाँदै गरेको को १५ प २२५७ नम्बरको मोटरसाइकल, विपरीत दिशाबाट आउँदै गरेको प्र १-०२-०५५ प १२९८ नम्बरको स्कुटर र साइकल एकआपसमा ठोक्किँदा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय सुनसरीका सूचना अधिकारी चन्द्रबहादुर खड्काले जानकारी दिए ।

दुर्घटनामा तीनवटै सवारीसाधनमा सवार छ जना घाइते भएका थिए । घाइतेमध्ये स्कुटरको पछाडि सवार इनरुवा नगरपालिका-९ की सात वर्षीया रिदिमा सरदारको उपचारका क्रममा मृत्यु भएको सूचना अधिकारी खड्काले बताए ।

दुर्घटनामा स्कुटर चालक इनरुवा नगरपालिका ७ का ३० वर्षीय सुजन चौधरी, मोटरसाइकल चालक दुहबी नगरपालिका ३ का २२ वर्षीय सागर सरदार, मोटरसाइकलको पछाडि सवार २४ वर्षीय अभिनष सरदार र ११ वर्षीय आयुष सरदार तथा साइकलयात्री इनरुवा नगरपालिका ५ बलाहाका ४७ वर्षीय इन्द्रजित मण्डल घाइते भएका छन् ।

घाइते पाँचै जनाको विराटनगरस्थित विराट नर्सिङ अस्पतालमा उपचार भइरहेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मत सम्भार गरौं,
- पैदल यात्रुले बाटो कादा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।



ट्राफिक नियम पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

सप्तरीमा सडक विस्तारसँगै दुर्घटनाको जोखिम पनि बढ्दो

सप्तरी जिल्लामा पछिल्लो समय सडक विस्तार तथा स्तरोन्नतिको कामले तीव्रता पाएको छ । साँघुरा सडक फराकिला बन्नु, कालोपत्रे हुनु र यातायात सञ्चालन सहज हुनु विकासका सकारात्मक पक्ष हुन् । तर सडक विस्तारसँगै सवारी दुर्घटनाको जोखिम पनि बढ्दै गएको विषयलाई बेवास्ता गर्न मिल्दैन । सडक फराकिलो हुँदैमा यात्रा सुरक्षित हुन्छ भन्ने हुँदैन । सडक सुरक्षाका आवश्यक पूर्वाधार र नियमको पालना नहुँदा दुर्घटनाको सम्भावना झन् बढ्न सक्छ । सडक विस्तारपछि सवारीसाधनको गति बढ्ने गरेको छ । पहिले साँघुरो सडकमा सावधानीपूर्वक चलाउनुपर्ने सवारीसाधन अहिले फराकिलो सडकमा तीव्र गतिमा गुड्ने गरेका छन् । यही तीव्र गति दुर्घटनाको प्रमुख कारण बन्न सक्छ । विशेषगरी मोटरसाइकल, अटो, बस, ट्र्याक्टर तथा अन्य सवारीसाधनको चाप बढी हुने स्थानमा दुर्घटनाको जोखिम उच्च रहन्छ ।

सप्तरीका मुख्य सडक तथा ग्रामीण सडकहरूमा सडक विस्तार भइरहँदा पैदलयात्री, साइकल यात्री, विद्यार्थी र ज्येष्ठ नागरिकको सुरक्षामा पनि पर्याप्त ध्यान दिन आवश्यक छ । सडक किनारमा फुटपाथ नहुनु, जेब्रा क्रसिङको अभाव, ट्राफिक संकेत नहुनु, सडक बत्तीको व्यवस्था कमजोर हुनु र जथाभावी पार्किङले जोखिम बढाइरहेको छ । कतिपय स्थानमा सडक विस्तार भए पनि नाला, डिभाइडर र संकेत चिह्नको उचित व्यवस्था हुन सकेको छैन ।

तसर्थ सडक दुर्घटना न्यूनीकरणका लागि सडक निर्माणसँगै सुरक्षा व्यवस्थालाई प्राथमिकता दिनुपर्छ । दुर्घटनाको सम्भावना बढी भएका स्थान पहिचान गरी चेतावनी संकेत राख्ने, विद्यालय तथा बजार क्षेत्रमा गति नियन्त्रण गर्ने, जेब्रा क्रसिङ र फुटपाथ निर्माण गर्ने तथा नियमित ट्राफिक निगरानी बढाउनुपर्छ। चालकले पनि ट्राफिक नियम पालना गर्दै तीव्र गति र लापरबाहीपूर्ण सवारी सञ्चालनबाट बच्नुपर्छ ।

सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

कंकालिनी मन्दिर : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

शम्भुनाथ मन्दिर : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

हनुमान मन्दिर : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

कोशी टप्पु : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित विभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

धारापानी क्षेत्र : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

लोहजारा दह : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

विश्वमा बढ्दो तापक्रमले ततायको बहस

प्रगति ढकाल

काठमाडौं, २५ कात्तिक (रासस) ।

विश्वव्यापी तापक्रम वृद्धिले पृथ्वीको प्राकृतिक सन्तुलनदेखि मानव अस्तित्वसम्ममा चुनौती थपिरहेका बेला सोमबारदेखि टर्कीएको अन्ताल्यामा सुरु भएको संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप-३१) मा जलवायु सङ्कटको गम्भीरता र त्यसको सामना गर्ने उपायबारे गम्भीर मन्थन र बहस सुरु भएको छ ।

बढ्दो तापक्रम, चरम मौसमी घटना र जलवायुजन्य विपद्ले पृथ्वीको पारिस्थितिकीय सन्तुलन र मानव अस्तित्वमै चुनौती थपिरहेका बेला त्यसको सामना गर्न विश्व समुदायले चाल्नुपर्ने कदमबारे सम्मेलनमा व्यापक छलफल भएको हो ।

कोपको उद्घाटनकै दिन (सोमबार) विश्व मौसम विज्ञान सङ्गठन (डब्लुएमओ)को अध्ययनले विश्वव्यापी तापक्रम वृद्धिको असामान्य क्रम जारी रहेको देखाएपछि जारी कोप-३१ मा उक्त विषयमा बहस तातिएको छ । यसो त विगतका कोपमा पनि विश्वको तापमान वृद्धिका कारण जलवायुजन्य सङ्कट निम्त्याइरहेको भन्दै तापक्रम वृद्धि रोक्ने विषयलाई प्रमुख प्राथामिकता दिँदै छलफल चल्ने गर्थे । शक्तिशाली एलनिनोका कारण सन् २०२७ सम्मै अत्यधिक गर्मी र चरम मौसमी घटनाको जोखिम बढ्ने डब्लुएमओको चेतावनी छ ।

डब्लुएमओको 'जलवायुको अवस्था २०२६' सम्बन्धी प्रतिवेदनको सन् २०२६ अहिलेसम्मकै सबैभन्दा तातो वर्षमध्ये शीर्ष चार वर्षभित्र पर्ने, एलनिनोका कारण तापक्रम थप बढ्ने र जलवायुजन्य जोखिम तीव्र रहने, समुद्री सतह र महासागरको तापक्रम अहिलेसम्मकै उच्च विन्दुमा, चरम मौसमी घटनाबाट ठूलो मानवीय तथा आर्थिक क्षति हुनेजस्ता मुख्य निष्कर्षले विश्वलाई चिन्तित बनाएको छ ।

प्रतिवेदनले विश्वव्यापी तापक्रम, समुद्री सतहको उचाइ र महासागरको तापक्रममा नयाँ रेकर्ड कायम भइरहेको उल्लेख गर्दै जलवायु परिवर्तनका असर थप गम्भीर बन्ने देखाएको छ । प्रतिवेदनअनुसार पछिल्ला १२ वर्ष अहिलेसम्मकै सबैभन्दा तातो वर्षका रूपमा रहेका छन् । सन् २०२३ देखि २०२६ सम्मका चार वर्ष सबैभन्दा तातो वर्ष बनेको प्रतिवेदन उल्लेख छ ।

सन् २०२६ को जनवरीदेखि सेप्टेम्बरसम्म विश्वको औसत सतही तापक्रम औद्योगिक युग सुरु हुनुअघिको औसतभन्दा एक दशमलव ४७ डिग्री सेल्सियस बढी पुगेको प्रतिवेदनमा उल्लेख छ । एलनिनोको प्रभाव बढ्दै गएकाले वर्षको अन्त्यसम्म तापक्रम अझै बढ्न सक्ने अनुमान गरिएको छ ।

सन् २०२६ को डिसेम्बरसम्म एलनिनो अहिलेसम्मकै शक्तिशाली अवस्थामा पुग्न सक्ने र यसको प्रभाव सन् २०२७ को सुरुआतसम्म कायम रहने डब्लुएमओको आकलन छ । सामान्यतया एलनिनो विकसित भएको वर्षभन्दा त्यसपछिको वर्ष विश्वव्यापी तापक्रममा यसको प्रभाव बढी देखिने भएकाले सन् २०२७ मा तापक्रम वृद्धिको जोखिम उच्च रहने प्रतिवेदनले औंल्याएको छ ।

डब्लुएमओका अनुसार पृथ्वीको ऊर्जा असन्तुलन बढ्दै गएको छ । हरितगृह ग्यासको बढ्दो उत्सर्जनले वायुमण्डलमा ताप थुनेर राख्दा पृथ्वीले प्राप्त गर्ने र बाहिर पठाउने ऊर्जाबीचको सन्तुलन बिग्रिएको हो । पृथ्वीमा सञ्चित भइरहेको अतिरिक्त तापमध्ये करिब ९० प्रतिशत महासागरले सोसिरहेको छ । सन् २०२६ लगातार दशौं वर्ष महासागरको तापक्रमले नयाँ रेकर्ड कायम गर्ने वर्ष बन्ने देखिएको छ ।

त्यस्तै, समुद्री सतह अहिलेसम्मकै उच्च विन्दुमा पुगेको छ भने सन् २०२६ का विभिन्न महिनामा समुद्रको सतही तापक्रमले पनि नयाँ रेकर्ड बनाएको छ । हिमनदी पग्लिने क्रम निरन्तर जारी रहेको प्रतिवेदनमा उल्लेख छ । सन् २०२५ मा हिमनदीबाट भएको वार्षिक बरफको क्षति प्रत्येक सेकेन्डमा पाँचवटा ओलम्पिक आकारका पौडी पोखरी भर्ने बराबर रहेको जनाइएको छ ।

सन् २०१४ देखि स्वच्छ पानीको भण्डारण घट्दै गएको प्रतिवेदनले देखाएको छ । यसले पानीको उपलब्धता, खाद्य सुरक्षा र मानव जीवनमा थप चुनौती सिर्जना गर्ने जोखिम छ । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले पनि बढ्दो तामान वृद्धिबारे चिन्ता जनाउनुभएको छ । कोपको उद्घाटनमा नै उहाँले मानव सिर्जित जलवायु परिवर्तनका कारण पहिले नै तातिरहेको पृथ्वीमा शक्तिशाली एलनिनोको प्रभाव थपिँदा जलवायुजन्य जोखिम बढिरहेको भन्दै चिन्ता जनाउनुभएको थियो ।

उहाँले भन्नुभयो, "जलवायु परिवर्तनका लागि सबैभन्दा कम जिम्मेवार समुदायले नै यसको असर सबैभन्दा पहिले र बढी भोगिरहेको उल्लेख गर्दै हरितगृह ग्यास उत्सर्जन तीव्र रूपमा घटाउन, जीवाश्म इन्धनबाट स्वच्छ ऊर्जातर्फ न्यायोचित रूपान्तरण गर्न तथा जोखिममा रहेका मुलुकलाई आवश्यक वित्तीय र प्राविधिक सहयोग उपलब्ध गराउन विश्व नेताहरूलाई आग्रह गर्दछु ।"

डब्लुएमओका महासचिव सेलेस्टे साउलोले एलनिनोले पृथ्वीमा नयाँ ताप थप्ने नभई महासागरमा सञ्चित ताप बाहिर निकाल्ने प्रक्रिया तीव्र बनाउने बताउनुभएको छ । महासागरको तापक्रम अहिलेसम्मकै उच्च रहेकाले बाहिर निस्कने तापको मात्रा पनि बढी हुने उहाँको भनाइ छ ।

"जलवायु परिवर्तन र एलनिनोको संयुक्त प्रभावले तापलहर, उष्णकटिबन्धीय चक्रवात र अतिवृष्टिजस्ता घटनाको तीव्रता बढाइरहेको छ", साउलोले भन्नुभयो, "यस वर्ष विश्वका करोडौं मानिस अत्यधिक गर्मीको चपेटामा परेको तथा नेपालमा भएको हिमालको बरफ र चट्टान खस्ने घटना तथा आकस्मिक बाढीले उच्च हिमाली क्षेत्रका समुदायले सामना गर्नुपरेको बहुप्रकोपीय जोखिम उजागर गरेको छ ।"

प्रतिवेदनले जलवायुजन्य विपद्को जोखिम न्यूनीकरणका लागि मौसम पूर्वानुमान, पूर्वसूचना प्रणाली र निरन्तर वैज्ञानिक अवलोकनको महत्व औंल्याएको छ । बहुप्रकोपीय पूर्वसूचना प्रणाली भएका मुलुकको सङ्ख्या सन् २०१५ मा ५६ रहेकामा सन् २०२५ मा बढेर १३६ पुगेको प्रतिवेदनमा उल्लेख छ ।

हरितगृह ग्यासको उत्सर्जन निरन्तर बढिरहेको छ । सन् १७५० मा वायुमण्डलमा कार्बनडाइअक्साइडको मात्रा प्रतिमिलियन २७८ भाग (पीपीएम) रहेकामा सन् २०२५ मा बढेर ४२६ दशमलव ८ पीपीएम पुगेको छ । यो करिब ५३ प्रतिशत वृद्धि हो । त्यस्तै, मिथेनको मात्रा १६७ प्रतिशत र नाइट्रस अक्साइडको मात्रा २६ प्रतिशतले बढेको प्रतिवेदनमा उल्लेख छ ।

डब्लुएमओले कोप-३१ को पहिलो दिन सार्वजनिक गरेको उक्त प्रतिवेदनमा सन् २०२६ को सेप्टेम्बरसम्मका उपलब्ध वैज्ञानिक तथ्याङ्क समावेश गरिएको छ । एल निनोको पछिल्लो प्रभाव भने प्रतिवेदनमा समेटिएको छैन । सन् २०२६ को अन्तिम जलवायु अवस्थासम्बन्धी विस्तृत प्रतिवेदन सन् २०२७ को मार्चमा सार्वजनिक गरिने डब्लुएमओले जनाएको छ ।

जलवायु परिवर्तनका कारण विश्वव्यापी तापक्रम बढ्दै जाँदा मानव स्वास्थ्यमा गम्भीर असर पर्न थालेको भन्दै विश्वका वैज्ञानिकले चिन्ता पनि जनाएका छन् । अत्यधिक गर्मी, वायु प्रदूषण, खडेरी तथा जलवायुजन्य विपद्का कारण विश्वका करोडौं मानिस प्रभावित भइरहेका छन् ।

रसुवा भोटेकोशी बाढीको पनि चर्चा

संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी निकायका कार्यकारी सचिव साइमन स्टिललले गत भदौ १० गते रसुवा भोटेकोशी बाढीलाई पनि जलवायुजन्य सङ्कटको उदाहरणको रूपमा प्रस्तुत गर्नुभयो । "चीन र नेपालमा भएका विनासकारी विपद्ले उच्च हिमाली क्षेत्रमा हुने घटनाले तल्लो तटीय तथा नदी किनारका समुदायलाई गम्भीर जोखिममा पार्ने देखाएको छ", उहाँले भन्नुभयो ।

स्टिललले डब्लुएमओको जलवायु अवस्थासम्बन्धी सन् २०२६ को प्रतिवेदन सार्वजनिक गर्दै जलवायु परिवर्तनका असर तीव्र बन्दै गएको बताउनुभयो । समुद्री सतह बढ्दा तटीय क्षेत्रमा बसोबास गर्ने करिब ९० करोड मानिस जोखिममा परेको उहाँले बताउनुभयो ।

स्टिललले जलवायु परिवर्तनका कारण तापलहर, उष्णकटिबन्धीय चक्रवात र अतिवृष्टिजस्ता मौसमी घटना विगतको अनुमानभन्दा तीव्र बन्दै गएको उल्लेख गर्नुभयो । सन् २०२६ मा युरोपमा अत्यधिक गर्मीका कारण हजारौं मानिसको मृत्यु भएको तथा भारत, पाकिस्तान, एसिया र उत्तर अमेरिकाका विभिन्न क्षेत्रमा खतरनाक तापलहर देखिएको उहाँले बताउनुभयो ।

स्टिललले जलवायुजन्य जोखिम न्यूनीकरणका लागि पूर्वसूचना प्रणालीको विस्तारलाई सकारात्मक उपलब्धिका रूपमा लिनुपर्ने बताउनुभयो । बहुप्रकोपीय पूर्वसूचना प्रणाली भएका देशको सङ्ख्या सन् २०१५ मा ५६ रहेकामा सन् २०२५ मा बढेर १३६ पुगेको उहाँले जानकारी दिनुभयो ।

यद्यपि, प्रभावकारी पूर्वसूचनाका लागि विश्वका सबै क्षेत्रमा मौसमसम्बन्धी तथ्याङ्क सङ्कलन र अवलोकन प्रणालीलाई निरन्तरता दिन आवश्यक रहेको उहाँले बताउनुभयो । जलवायु सम्मेलन (कोप-३१)ले जलवायु जोखिमअनुसार तत्काल निर्णय गर्दै आवश्यक वित्तीय स्रोत सुनिश्चित गर्नुपर्ने उहाँको जोड थियो ।

जलवायुले विश्वव्यापी स्वास्थ्य सङ्कटकमा समस्या

यसैगरी, बेलायतस्थित स्वास्थ्य तथा चिकित्सा अनुसन्धानमा सहयोग गर्दै आएको परोपकारी संस्था वेलकमका जलवायु तथा स्वास्थ्य निर्देशक एलन डाङ्गेरले जलवायु परिवर्तन अहिले विश्वव्यापी स्वास्थ्य सङ्टका रूपमा देखा परेको बताउनुभयो ।

सन् २०२५ मा विश्वको करिब ५२ प्रतिशत भूभाग कम्तीमा एक महिना चरम खडेरीबाट प्रभावित भएको उल्लेख गर्दै उहाँले यसले किसान, बाहिरी क्षेत्रमा काम गर्ने श्रमिक तथा खाद्य सुरक्षामा गम्भीर असर पारेको बताउनुभयो ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्रले नेपालले विश्वव्यापी तापक्रम वृद्धिलाई औद्योगिक युगअघिको तुलनामा १.५ डिग्री सेल्सियसमा सीमित राख्ने लक्ष्य हासिल गर्न महत्त्वाकाङ्क्षी कदम चाल्नुपर्नेमा जोड दिनेगरी कोपमा उपस्थित भएको जानकारी दिनुभयो ।

यस्तो थियो विश्वको औसत तापक्रम वृद्धिमा भएको सम्झौता

सन् २०१५ को नोभेम्बर ३० देखि डिसेम्बर १२ सम्म फ्रान्सको राजधानी पेरिसमा सम्पन्न २१ औं कोपमा भएको ऐतिहासिक सम्झौता (पेरिस सम्झौता) ले विश्वको औसत तापक्रम वृद्धि १.५ डिग्रि सेल्सियसमा सिमित राख्ने र २ डिग्रि सेल्सियसभन्दा बढ्न नदिने लक्ष्य राखेको छ ।

ती लक्ष्य प्राप्त गर्नका लागि पेरिस सम्झौताका पक्ष राष्ट्रले प्रत्येक पाँच वर्षमा राष्ट्रिय निर्धारित योगदान (एनडिसी) पेस गर्नु पर्नेछ । नेपालले सन् २०३५ सम्मको अवधि कभर गर्नेगरी एनडिसी बनाएको छ । जलवायु न्यूनीकरण, अनुकूलन, तथा वित्तीय व्यवस्थापन को विस्तृत खाकासहित सन् यसमा २०३५ सम्मको दिगो विकास लक्ष्य, घरेलु तथा अन्तरराष्ट्रिय वित्तीय स्रोतको परिचालन, तथा स्थानीय तहसम्म जलवायु कार्यान्वयनको योजना तेस्रो एनडिसीमा समावेश छन् ।

तेस्रो एनडिसीमा विश्वको तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसभित्र सीमित राख्न विश्वव्यापी प्रयाससँगलाई सहयोग गर्दै नेपालले जलवायुजन्य सङ्कट व्यवस्थापनमा योगदान गर्ने लक्ष्य छ । हाल एनडिसी कार्यन्वयन योजना तयार भइसकेको छ ।

‘जलवायु संकटले विश्वको तयारी र प्रतिकार्य क्षमतालाई उछिन्दै’

भीष्मराज ओझा
अन्ताल्या (टर्किए), २५ कात्तिक (रासस)।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले जलवायु सङ्कट विश्वको तयारी र प्रतिकार्य क्षमताभन्दा तीव्र गतिमा बढिरहेको उल्लेख गर्दै हरितगृह ग्यास उत्सर्जन कटौती र जलवायु कार्यलाई तीव्रता दिन विश्व नेताहरूलाई आग्रह गर्नुभएको छ।

टर्किएको अन्ताल्यामा बुधबार आयोजित कोप-३१ नेताहरूको शिखर सम्मेलनलाई सम्बोधन गर्दै उहाँले सन् २०२५ मा विश्वव्यापी हरितगृह ग्यास उत्सर्जन अहिलेसम्मकै उच्च विन्दुमा पुगेको र पछिल्ला चार वर्ष विश्वकै सबैभन्दा ताता वर्ष बनेको बताउनुभयो।

जीवाश्म इन्धनको व्यापारबाट केही स्वार्थ समूहले ठूलो नाफा कमाइरहेको तर त्यसको मूल्य विश्वले जलवायु सङ्कट र वातावरणीय विनाशका रूपमा चुकाउनुपरेको उहाँको भनाइ थियो। जलवायुसम्बन्धी विपद्ले विश्वभर मानिसको जीवन, जीविकोपार्जन र अर्थतन्त्रमा गम्भीर असर पारिरहेको उल्लेख गर्दै उहाँले वर्तमान अवस्थालाई सामूहिक विनाशतर्फको यात्राको संज्ञा दिनुभयो।

सन् २०१५ मा पेरिसमा भएको जलवायु सम्झौतामार्फत विश्वले पृथ्वीको तापक्रम वृद्धि १.५ डिग्री सेल्सियसमा सीमित राख्ने प्रतिबद्धता जनाएको स्मरण गराउँदै महासचिव गुटेरेसले उक्त सीमा अस्थायी रूपमा नाघ्ने अवस्था अपरिहार्य देखिएको बताउनुभयो। यद्यपि, त्यसलाई स्थायी अवस्था बन्न नदिन तथा तापक्रम कति बढ्ने र कति समयसम्म उच्च रहने भन्ने निर्धारण गर्न अझै अवसर रहेको उहाँले स्पष्ट पार्नुभयो।

“विज्ञानले हामीलाई आत्मसमर्पण गर्न भनेको छैन, अझ कडा सङ्घर्ष गर्न भनिरहेको छ”, उहाँले भन्नुभयो, “हामीलाई सत्य थाहा छ, अब त्यसअनुसार काम गर्नुपर्छ।”

महासचिव गुटेरेसले विगत एक दशकको जलवायु कार्यबाट तीनवटा प्रमुख पाठ सिकिएको उल्लेख गर्दै स्वच्छ ऊर्जाको विस्तार तीव्र गतिमा सम्भव भएको, जीवाश्म इन्धनको औचित्य कमजोर हुँदै गएको र विश्वव्यापी जलवायु कार्य भने अझै सुस्त रहेको बताउनुभयो।

उहाँका अनुसार एक दशकअघि विश्वको कुल विद्युत् उत्पादनमा सौर्य ऊर्जाको योगदान एक प्रतिशत मात्र रहेकामा गत वर्ष विश्वव्यापी विद्युत् मागमा भएको वृद्धिको झण्डै तीन चौथाइ हिस्सा सौर्य ऊर्जाले पूरा गरेको थियो। त्यसैगरी, दश वर्षअघि बिक्री हुने प्रत्येक १०० वटा कारमध्ये एउटा मात्र विद्युतीय रहेकामा यस वर्ष बिक्री हुने प्रत्येक तीनमध्ये झण्डै एउटा विद्युतीय कार हुने अनुमान छ।

विश्वका अधिकांश क्षेत्रमा नयाँ विद्युत् उत्पादनका लागि स्वच्छ ऊर्जा सबैभन्दा सस्तो स्रोत बनिसकेको उल्लेख गर्दै उहाँले राजनीतिक अवरोधका बाबजुद यसको विस्तार भइरहेको बताउनुभयो।

जीवाश्म इन्धन आयातमा निर्भर विश्वका तीन चौथाइ जनसङ्ख्या मूल्यवृद्धि र अन्तरराष्ट्रिय द्वन्द्वबाट सिर्जित ऊर्जा असुरक्षाको जोखिममा रहेको उहाँले बताउनुभयो। त्यसैले विज्ञानमा आधारित, न्यायपूर्ण, व्यवस्थित र समतामूलक ढङ्गले नवीकरणीय ऊर्जातर्फ सङ्क्रमण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

जीवाश्म इन्धनको पक्षमा रहेका स्वार्थ समूहले वैज्ञानिक तथ्यलाई तोडमरोड गर्ने, नीतिगत निर्णय र कार्यान्वयनमा ढिलाइ गर्ने तथा जवाफदेहितावाट पन्छिने रणनीति अपनाइरहेको उहाँको आरोप थियो।

विश्वव्यापी उत्सर्जन प्रत्येक वर्ष करिब छ प्रतिशतका दरले घटाउनुपर्ने आवश्यकता रहे पनि हालका राष्ट्रिय योजनाले त्यसको बढीमा एक तिहाइ मात्र कटौती सुनिश्चित गर्ने देखिएको उहाँले बताउनुभयो। ती योजना पूर्ण रूपमा कार्यान्वयन भए पनि यस शताब्दीको अन्त्यसम्म पृथ्वीको तापक्रम वृद्धि २.५ डिग्री सेल्सियसभन्दा माथि पुग्ने र त्यसले खतरनाक तथा अपरिवर्तनीय सीमाबिन्दु पार गर्ने जोखिम रहेको उहाँको भनाइ थियो।

महासचिव गुटेरेसले आगामी दशकको प्रमुख चुनौतीका रूपमा जलवायु न्यायलाई औंल्याउँदै विकासशील देशलाई अर्थतन्त्र रूपान्तरणका लागि आवश्यक वित्तीय तथा प्राविधिक साधन उपलब्ध गराउनुपर्ने बताउनुभयो। चीनबाहेकका उदीयमान तथा विकासशील अर्थतन्त्रमा विश्वको झण्डै दुई तिहाइ जनसङ्ख्या बसोबास गरे पनि ती देशले विश्वव्यापी स्वच्छ ऊर्जा लगानीको पाँच भागको एक भागभन्दा कम मात्र प्राप्त गरिरहेको उहाँले उल्लेख गर्नुभयो।

ती देशमध्ये अधिकांशले ऋण लिन अन्य देशको तुलनामा दुईदेखि तीन गुणासम्म बढी ब्याज तिर्नुपर्ने अवस्था रहेको बताउँदै उहाँले सस्तो स्वच्छ ऊर्जामा पहुँच नहुँदा जीवाश्म इन्धनमाथिको निर्भरता दशकौंसम्म कायम रहने चेतावनी दिनुभयो।

उहाँले साझा जिम्मेवारी, साझा सुरक्षा र साझा लाभमा आधारित नयाँ ‘जलवायु न्याय सम्झौता’ आवश्यक रहेको उल्लेख गर्दै त्यसका चार प्रमुख स्तम्भ प्रस्तुत गर्नुभयो।

पहिलो, जीवाश्म इन्धनबाट न्यायपूर्ण सङ्क्रमणलाई तीव्रता दिने, दोस्रो, जलवायु परिवर्तनका असरबाट मानिस र समुदायको संरक्षण गर्ने, तेस्रो, पर्याप्त, सस्तो र सहज रूपमा उपलब्ध जलवायु वित्त सुनिश्चित गर्ने तथा चौथो, विश्वव्यापी विभाजनको सट्टा अन्तरराष्ट्रिय सहकार्यलाई प्राथमिकता दिने।

जीवाश्म इन्धनबाट न्यायपूर्ण सङ्क्रमणका लागि सन् २०३५ सम्ममा सन् २०२५ को तुलनामा नवीकरणीय ऊर्जा उत्पादन क्षमता कम्तीमा तीन गुणाले बढाउनुपर्ने र कार्बन उत्सर्जन नियन्त्रण नगरिएको कोइलामा आधारित विद्युत् उत्पादन कम्तीमा ७५ प्रतिशतले घटाउनुपर्ने उहाँले बताउनुभयो। सन् २०४० सम्ममा यस्तो कोइलामा आधारित विद्युत् उत्पादन लगभग पूर्ण रूपमा बन्द गर्नुपर्ने तथा तेल र ग्यासको प्रयोग करिब एक तिहाइले घटाउनुपर्ने उहाँको भनाइ थियो।

यसका लागि नयाँ कोइला परियोजना तथा १.५ डिग्रीको लक्ष्य हासिल गर्न बाधक बन्ने नयाँ तेल र ग्यास पूर्वाधार निर्माण रोक्न, मिथेन उत्सर्जन घटाउन तथा नवीकरणीय ऊर्जा, विद्युत् प्रसारण सञ्जाल र ऊर्जा भण्डारणमा लगानी बढाउन उहाँले आह्वान गर्नुभयो। वन, महासागर र जैविक विविधताको संरक्षणलाई पनि न्यायपूर्ण ऊर्जा सङ्क्रमणको अभिन्न हिस्सा बनाउनुपर्ने उहाँले बताउनुभयो।

जलवायु अनुकूलनलाई जीवन रक्षाको विषयका रूपमा व्याख्या गर्दै उहाँले नयाँ पुस्ताका राष्ट्रिय अनुकूलन योजना निर्माण र कार्यान्वयनका लागि विकासशील देशलाई अन्तरराष्ट्रिय सहयोग आवश्यक रहेको बताउनुभयो। पृथ्वीका प्रत्येक व्यक्तिलाई पूर्वचेतावनी प्रणालीको पहुँचमा पुऱ्याउनुका साथै प्रत्येक समुदायलाई बाढी, खडेरी र समुद्री सतह वृद्धिको जोखिमबाट सुरक्षित गर्नुपर्ने उहाँको भनाइ थियो। अनुकूलनका उपाय प्रभावकारी हुन नसक्ने अवस्थामा हानि तथा क्षतिसम्बन्धी सहायता छिटो र सहज रूपमा उपलब्ध गराउनुपर्नेमा पनि उहाँले जोड दिनुभयो।

जलवायु वित्तका सम्बन्धमा विकसित देशले सन् २०३५ सम्म वार्षिक कम्तीमा ३०० अर्ब अमेरिकी डलर उपलब्ध गराउन नेतृत्व गर्नुपर्ने र सोही अवधिसम्म अनुकूलन वित्त कम्तीमा तीन गुणाले बढाउने ठोस योजना प्रस्तुत गर्नुपर्ने उहाँले बताउनुभयो। विकासशील देशका लागि प्रस्तावित एक दशमलव तीन ट्रिलियन अमेरिकी डलरको लक्ष्य वास्तविक वित्तीय प्रवाहमा परिणत हुनुपर्ने उहाँको भनाइ थियो।

बहुपक्षीय विकास बैंकले सन् २०३० सम्म वार्षिक १२० अर्ब अमेरिकी डलर उपलब्ध गराउने बाकु प्रतिबद्धताभन्दा बढी सहयोग गर्नुपर्ने, निजी लगानी परिचालन गर्नुपर्ने र जोखिममा रहेका विकासशील देशको आवश्यकता सम्बोधन गर्न नवीन वित्तीय उपकरण प्रयोग गर्नुपर्ने उहाँले बताउनुभयो। हरित जलवायु कोष तथा हानि तथा क्षति सम्बोधन कोषमा दातृ निकायले थप स्रोत सुनिश्चित गर्नुपर्ने र दक्षिण-दक्षिण सहकार्यबाट प्रविधि तथा वित्तमा पहुँच विस्तार गर्नुपर्ने उहाँको आग्रह थियो।

जीवाश्म इन्धनबाट अत्यधिक नाफा कमाउने कम्पनीले जलवायु क्षतिको लागत बेहोर्नुपर्ने उल्लेख गर्दै महासचिव गुटेरेसले पछिल्लो एक त्रैमासिक अवधिमा विश्वका नौ ठूला तेल कम्पनीले ९५ अर्ब अमेरिकी डलर नाफा कमाएको तर हानि तथा क्षति कोषमा करिब ६० करोड अमेरिकी डलर मात्र जम्मा भएको बताउनुभयो।

ती कम्पनीले करिब १४ घण्टामा कमाउने नाफाबराबरको रकम मात्र उक्त कोषमा रहेको उल्लेख गर्दै उहाँले सरकारले जीवाश्म इन्धन कम्पनीको अप्रत्याशित नाफामा कर लगाएर जोखिममा रहेका देशको पुनरुत्थानमा खर्च गर्नुपर्ने बताउनुभयो। “प्रदूषण गर्नेहरूले यसको मूल्य चुकाउनुपर्छ”, उहाँले भन्नुभयो।

अन्तरराष्ट्रिय सहकार्यको आवश्यकतामा जोड दिँदै उहाँले व्यापार अवरोध, प्रविधिमा एकाधिकार र भूराजनीतिक प्रतिस्पर्धाले ऊर्जा सङ्क्रमणलाई महँगो र कठिन बनाउनुका साथै अर्बौं मानिसलाई पछाडि पार्ने बताउनुभयो। सबै विषयमा सहमति आवश्यक नभए पनि कुनै एक देशले एक्लै समाधान गर्न नसक्ने विषयमा सहकार्य अपरिहार्य रहेको उहाँको भनाइ थियो।

जलवायु वार्ताको सफलता सम्झौतामा मात्र नभई त्यसको वास्तविक कार्यान्वयनबाट मापन हुनुपर्ने उल्लेख गर्दै उहाँले विद्युत् प्रसारण सञ्जाल, महत्त्वपूर्ण खनिज, मिथेन उत्सर्जन र पूर्वचेतावनी प्रणालीका क्षेत्रमा संयुक्त राष्ट्रसङ्घले विभिन्न देश तथा साझेदारबीच सहकार्य अघि बढाइरहेको जानकारी दिनुभयो।

महासचिव गुटेरेसले जलवायु कार्यलाई दिगो विकास, शान्ति, सुरक्षा र मानव मर्यादासँग जोड्दै स्वच्छ अर्थतन्त्र र न्यायपूर्ण समाज निर्माण गर्ने अवसरका रूपमा लिनुपर्ने बताउनुभयो।

जलवायु कार्यको अग्रपङ्क्तिमा रहेका युवा, वैज्ञानिक, आदिवासी समुदाय, नागरिक समाज तथा साना टापु विकासशील राष्ट्रहरूको योगदानको प्रशंसा गर्दै उहाँले उनीहरूलाई जलवायु सङ्घर्षको नैतिक चेतनाका रूपमा चित्रण गर्नुभयो।

आगामी वर्षदेखि संयुक्त राष्ट्रसङ्घको महासचिव पदमा नरहे पनि जलवायु सङ्कटको सत्य उजागर गर्ने र त्यसविरुद्धको सङ्घर्षमा निरन्तर लागिरहने प्रतिबद्धता व्यक्त गर्दै उहाँले जलवायु कार्यका अभियन्तासँगै उभिने बताउनुभयो।

“जलवायु सङ्कटको सत्यबारे बोलिरहौं, त्यसले माग गरेको कार्यका लागि आवाज उठाइरहौं र हाम्रो आफ्नै हातमा रहेको दिगो भविष्यका लागि सङ्घर्ष गरिरहौं”, उहाँले भन्नुभयो।

विश्व समाचार

ट्रम्पको बिबिसीविरुद्धको मुद्दा अघि बढ्ने

वासिङ्टन, २५ कात्तिक (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बेलायती प्रसारण संस्था बिबिसीविरुद्ध दायर गर्नुभएको अर्बौं डलरको मानहानिसम्बन्धी मुद्दा अघि बढ्ने भएको छ। सङ्घीय न्यायाधीशले मुद्दा खारेज गर्न बिबिसीले गरेको प्रयास अस्वीकार गरेका छन्। ट्रम्पले सन् २०२१ जनवरी ६ मा क्यापिटलमा भएको आक्रमणअघि दिनुभएको भाषणलाई बिबिसीले भ्रामक रूपमा सम्पादन गरी आफूले समर्थकलाई हिंसामा उक्सaएको देखाएको आरोप लगाउनुभएको छ। उहाँले कम्तीमा पाँच अर्ब अमेरिकी डलर क्षतिपूर्ति माग गर्नुभएको छ।

न्यायाधीश जेफ्री टी कुन्जले मानहानिसम्बन्धी दावी अघि बढाउन अनुमति दिए पनि फ्लोरिडाको उपभोक्ता संरक्षण कानूनअन्तर्गतको दावी खारेज गर्नुभएको छ। बिबिसीले वृत्तचित्रको सम्पादनप्रति माफी मागिसकेको छ, तर ट्रम्पलाई वास्तविक क्षति पुगेको दावी अस्वीकार गर्दै आएको छ। फैसलापछि ट्रम्पले यसलाई ‘ठूलो विजय’ भन्नुभएको छ। उहाँले अमेरिकी जनतालाई धोका दिन खोज्नेहरूविरुद्ध लडिरहने बताउनुभएको छ। यसअघि अदालतले उहाँलाई डिसेम्बर ११ भित्र मुद्दासम्बन्धी बयान दिन आदेश दिएको थियो। तोकिएको समयमा उपस्थित नभए मुद्दा खारेज हुन सक्ने चेतावनीसमेत दिइएको छ।

रोबोटको बढ्दो प्रयोगमा सिङ्गापुर

सिङ्गापुर, २५ कात्तिक (रासस/सिन्ह्वा)।

यातायात, विमानस्थल, आवासीय भवनदेखि सार्वजनिक सुरक्षा व्यवस्थासम्म रोबोटको प्रयोग विस्तार गर्दै सिङ्गापुरले स्वचालित प्रविधिलाई दैनिक जीवनको हिस्सा बनाउन थालेको छ। अनुसन्धान, विकास र व्यावसायिक प्रयोगमा सक्रिय ३०० भन्दा बढी रोबोटिक्स कम्पनी रहेको सिङ्गापुरमा अब रोबोटलाई विभिन्न क्षेत्रमा जनशक्तिको सहयोगीका रूपमा परिचालन गर्ने तयारी भइरहेको छ। सिङ्गापुरको दक्षिणी तटमा रहेको पर्यटकीय टापु सेन्टोसा स्वचालित सवारीसाधन परीक्षणको नयाँ केन्द्र बनेको छ। सन् २०२७ को सुरुदेखि पर्यटक तथा आगन्तुकले राइड-हेलिङ एपमार्फत स्वचालित मिनीबस बुक गरेर टापुभित्रका यातायात केन्द्र, होटल र पर्यटकीय स्थलसम्म यात्रा गर्न सक्नेछन्। सेन्टोसा विकास निगम र राइड-हेलिङ कम्पनी टाडाबीचको सहकार्यमा सञ्चालन हुने उक्त सेवा चीनको ग्वाङ्झाउमा मुख्यालय रहेको वेराइड कम्पनीले विकास गरेका बसमार्फत उपलब्ध गराइनेछ। आठ जनासम्म यात्रु बोक्न सक्ने यी बसले सडकमा पैदलयात्री र अन्य सवारीसाधन देख्दा गति कम गर्ने तथा आवश्यकताअनुसार मोडिने सुविधा राखेका छन्।

हालै गरिएको परीक्षणमा वर्षाका बीच पनि बसले सहज रूपमा यात्रा गरेको थियो। बसभित्र राखिएको स्क्रिनमा वरपरका सवारीसाधन र पैदलयात्रीको वास्तविक समयको त्रिआयामिक दृश्य देखिने व्यवस्था छ। सेन्टोसामा स्वचालित बसको परीक्षण पहिलोपटक हुन लागेको भने होइन। सन् २०२५ जुलाईदेखि वेराइडका सवारीसाधनलाई रिसोर्ट्स वर्ल्ड सेन्टोसाको शून्य दशमलव ४९ वर्ग किलोमिटर क्षेत्रमा सञ्चालन अनुमति दिइएको थियो। नयाँ परीक्षणले सन् २०२७ देखि टापुको पश्चिमी क्षेत्र समेट्ने र क्रमशः अन्य क्षेत्रमा विस्तार हुने योजना छ। हाल प्रत्येक बसमा तालिमप्राप्त सुरक्षा कर्मचारी रहनेछन्। वेराइडका अन्तर्राष्ट्रिय व्यापार निर्देशक निकोलस टेले आवश्यक परीक्षण पूरा गरी सुरक्षित सञ्चालन प्रमाणित भए भविष्यमा पूर्ण चालकविहीन सेवा सञ्चालन गर्न सकिने बताउनुभएको छ। सेन्टोसा विकास निगमका प्रमुख कार्यकारी अधिकृत थियेन क्वि एन्गाले सेन्टोसालाई नयाँ यातायात प्रविधि परीक्षण गर्ने ‘जीवित प्रयोगशाला’ बनाउने लक्ष्य रहेको बताउनुभएको छ।

सिङ्गापुरका अन्य क्षेत्रमा पनि यस्ता प्रयोग भइरहेका छन्। पङ्गोल डिजिटल जिल्लामा सामान ढुवानी, सरसफाइ र सुरक्षा गस्तीका लागि स्वचालित रोबोट परीक्षण गरिँदैछ भने जुराङ इनोभेसन जिल्लामा स्वचालित निर्माण उपकरणको परीक्षण भइरहेको छ। समुद्री क्षेत्रमा स्वचालित जहाज र ड्रोनसमेत परीक्षणका क्रममा छन्। दैनिक सार्वजनिक सेवामा पनि रोबोटको प्रयोग बढेको छ। यस वर्ष अगस्टको अन्त्यदेखि सेप्टेम्बरको मध्यसम्म लिटिल इन्डिया एमआरटी स्टेसनमा १.२७ मिटर अग्लो मानवरूपी रोबोट परिचालन गरिएको थियो। हरियो रङको भेस्ट लगाएको उक्त रोबोटले यात्रुलाई बाटो पहिल्याउन सहयोग गरेको थियो। चाङ्गी विमानस्थलमा सरसफाइका लागि रोबोट प्रयोग भइरहेको छ। त्यस्तै, सामाजिक सेवा संस्था लायन्स बेफ्रेन्डर्सले वृद्धवृद्धाको बसोबास बढी भएका आवासीय भवनमा सामान पुऱ्याउन स्वचालित रोबोट परिचालन गरेको छ। ती रोबोटले लिफ्टसमेत आफैं प्रयोग गरी खाना, औषधि र अन्य आवश्यक सामग्री सम्बन्धित घरसम्म पुऱ्याउँछन्।

सार्वजनिक सुरक्षाका लागि पनि रोबोटको प्रयोग विस्तार भइरहेको छ। गत सेप्टेम्बरमा सिङ्गापुरले होम टिम ह्युमनोइड रोबोटिक्स सेन्टर सञ्चालनमा ल्याएको थियो। उक्त केन्द्रमा विस्फोट भएका स्थानको अनुसन्धान, खतरनाक तरल पदार्थको व्यवस्थापन तथा जेलभित्र प्रतिबन्धित वस्तुको खोजीजस्ता जोखिमपूर्ण कामका लागि रोबोटलाई तालिम दिइन्छ। यसबाट सुरक्षाकर्मीलाई जोखिमपूर्ण अवस्थामा प्रत्यक्ष खटाउनुपर्ने आवश्यकता घट्ने अपेक्षा गरिएको छ। सन् २०२८ सम्ममा सुरक्षाकर्मीसँगै वास्तविक कार्यक्षेत्रमा परिचालन गर्न सकिने पहिलो मानवरूपी रोबोट तैनाथ गर्ने सिङ्गापुरको योजना छ सिङ्गापुर आर्थिक विकास बोर्डको यस वर्ष प्रकाशित प्रतिवेदनअनुसार मुलुकमा अनुसन्धान तथा विकास, प्रविधि निर्माण र प्रयोगमा संलग्न ३०० भन्दा बढी रोबोटिक्स कम्पनी सञ्चालनमा छन्। ती कम्पनीले उत्पादन, स्वास्थ्य सेवा, आतिथ्य, महत्त्वपूर्ण पूर्वाधार, ढुवानी तथा आपूर्ति व्यवस्थापनलगायत क्षेत्रमा काम गरिरहेका छन्।

'छठी माई र सूर्य भगवान्'लाई सलामी अर्पण

पर्सा, २५ कात्तिक (रासस)।

धार्मिक आस्था, सांस्कृतिक एकता र सामाजिक सद्भावको प्रतीकका रूपमा रहेको छठपर्वका अवसरमा नेपाली सेनाले सलामी अर्पण गर्ने भएको छ।

छठ पूजाको अवसरमा वीरगन्जको श्रीपुरस्थित नेपाली सेनाको 'श्री श्रीजङ्ग गण'ले यस वर्ष पनि 'छठी माई र सूर्य भगवान्'लाई सलामी अर्पण गर्ने भएको हो।

लोकआस्थाको महापर्व छठको मुख्य दिन यही कात्तिक २९ गते आइतबार साँझ वीरगन्ज महानगरपालिका-१० स्थित घडिअर्वा छठघाटमा पुगेर नेपाली सेनाको विशेष टोलीले विधिअनुसार सलामी अर्पण गर्ने कार्यक्रम रहेको श्रीजङ्ग गणका प्रमुख सेनानी लोकेन्द्र कार्कीले बताउनुभयो।

उहाँले भन्नुभयो, "पहिलेदेखि नेपाली सेनाले दसैँको सप्तमीका दिन नवदुर्गा भवानीलाई सलामी अर्पण गर्दै आए पनि गत वर्षदेखि छठ पूजामा वीरगन्जमा छठीमाई र सूर्य भगवान्लाई समेत सेनाले सलामी अर्पण गर्दै आएको छ, जुन यसपटक पनि निरन्तर हुन्छ।"

प्रमुख सेनानी कार्कीको नेतृत्वमा सेनाको टोली वाद्यवादनसहितको परेड तथा मार्च गर्दै घडिअर्वा छठघाट पुगर निर्धारित मार्गको परिक्रमा गर्दै छठघाट परिसरमा रहेको सूर्य भगवान्को मन्दिरमा पुगेपछि सेनाको टोलीले छठीमाई र सूर्य भगवान्लाई सैनिक विधिअनुसार सलामी अर्पण गर्ने कार्यक्रम तय भएको छ।

छठ पूजा व्यवस्थापन समितिको आग्रहमा यस वर्ष पनि उक्त कार्यक्रमलाई निरन्तरता दिन लागिएको प्रमुख सेनानी कार्कीले बताउनुभयो। छठपर्वको इतिहासमा सम्भवतः गत वर्ष पहिलोपटक नेपाली सेनाले छठीमाई र सूर्य भगवान्लाई सलामी अर्पण गर्ने परम्पराको सुरुआत गरेको हो। पछिल्लो समय छठपर्वप्रतिको आस्था र लोकप्रियता दिनप्रतिदिन बढ्दै गएको छ।

'सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन कार्यान्वयनमा'

विराटनगर, २५ कात्तिक (रासस)।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले कोशी प्रदेश सरकारले प्रदेशको बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक पहिचानलाई सम्मान गर्दै आजदेखि प्रत्येक वर्ष कात्तिक २५ गते भाषा दिवस मनाउने बताउनुभएको छ।

मुख्यमन्त्री कार्कीले राष्ट्रिय विभूति, समाज सुधारक तथा किरात धर्मका प्रवर्तक महागुरु फाल्गुनन्द लिङ्देनको १४१औँ जन्मजयन्तीका अवसरमा महागुरु लिङ्देनप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यको हार्दिक मङ्गलमय शुभकामना दिनुभएको छ।

प्रदेशमा बोलिने विभिन्न भाषा तथा मातृभाषाहरूको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने उद्देश्यले प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन आजैदेखि कार्यान्वयनमा ल्याउने घोषणा गर्दै मुख्यमन्त्री कार्कीले सत्य, अहिंसा, शान्ति, समानता, नैतिकता र सामाजिक सद्भावका पक्षधर फाल्गुनन्दले समाजमा विद्यमान कुरीति, कुसंस्कार र विभेदको अन्त्य गर्न उहाँको योगदान उच्च रहेको बताउनुभएको छ।

मुख्यमन्त्री कार्कीले सभ्य, सुसंस्कृत र न्यायपूर्ण समाज निर्माणका लागि महागुरु फाल्गुनन्दले पुर्‍याउनुभएको योगदान अतुलनीय छ भन्दै सत्य, शान्ति, मानवता र समाजिक सुधारको मार्ग तथा उहाँका अमूल्य शिक्षाहरू आज पनि उत्तिकै प्रेरणादायी र अनुकरणीय रहेको जनाउनुभएको छ।

मुख्यमन्त्री कार्कीले भन्नुभयो, "भाषा केवल सञ्चारको माध्यममात्र होइन, यो कुनै पनि समुदायको पहिचान, इतिहास, सभ्यता, संस्कृति र मौलिकताको जीवन्त आधार हो। कुनै भाषा लोप हुनु भनेको त्यस भाषासँग जोडिएको ज्ञान, परम्परा, इतिहास र सांस्कृतिक सम्पदा गुम्नु पनि हो। त्यसैले प्रदेशमा प्रचलित सबै भाषा तथा मातृभाषाको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो। प्रदेशको सरकारी कामकाजमा भाषाको प्रयोग विस्तार गर्दै भाषिक विविधतालाई संस्थागत सम्मान प्रदान गर्ने दिशामा आजको दिन एउटा महत्त्वपूर्ण उलब्धि र ऐतिहासिक प्रस्थानबिन्दु बनेको विश्वास छ।"

वीरगञ्ज नाकाबाट खाद्यान्न आयात ६३ प्रतिशतले घट्यो

पर्सा, २६ कात्तिक (रासस)।

चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो तीन महिनामा वीरगञ्ज नाका हुँदै हुने खाद्यान्न आयात अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा करिब ६३ प्रतिशतले घटेको छ।

वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालु आवको साउनदेखि असोजसम्ममा चामल, मकै, गहुँ, धान, माल्ट, फापर, कोदोलगायत खाद्यान्न तीन करोड १६ लाख ४० हजार किलो आयात भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा आठ करोड ७० लाख ४७ हजार किलो खाद्यान्न आयात भएको थियो।

भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक कृष्णप्रसाद मैनालीका अनुसार चालु आवको पहिलो तीन महिनामा ६७ लाख ७३ हजार ६२९ किलो चामल आयात भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा ९४ लाख एक हजार किलो चामल आयात भएको थियो। चामल आयातको मूल्यसमेत अघिल्लो वर्षको ८९ करोड ८१ लाख रुपैयाँबाट घटेर चालु आवमा ७० करोड रुपैयाँमा झरेको छ।

धान आयातमा पनि उल्लेख्य कमी आएको छ। अघिल्लो आर्थिक वर्षको पहिलो त्रैमासिकमा तीन करोड ९१ लाख किलो धान आयात भएकामा चालु आवको सोही अवधिमा ६९ लाख ३५ हजार ४६० किलो मात्रै आयात भएको छ। धान आयातको मूल्य अघिल्लो वर्ष एक अर्ब ४६ करोड २८ लाख रुपैयाँ रहेकामा चालु आवमा घटेर ३३ करोड ३५ लाख रुपैयाँमा सीमित भएको छ।

त्यस्तै, मकै आयात पनि घटेको छ। अघिल्लो आर्थिक वर्षको पहिलो तीन महिनामा तीन करोड ३६ लाख १२ हजार ८१० किलो मकै आयात भएकामा चालु आवमा ६७ लाख ३६ हजार ४३७ किलो मात्रै आयात भएको छ। मकै आयातको मूल्यसमेत अघिल्लो वर्षको एक अर्ब ८० करोड १३ लाख रुपैयाँबाट घटेर ६० करोड ९८ लाख रुपैयाँमा झरेको भन्सार कार्यालयको तथ्याङ्कमा उल्लेख छ।

फापर, कोदो तथा अन्य खाद्यान्नको आयातमा पनि कमी आएको छ। अघिल्लो आर्थिक वर्षको पहिलो तीन महिनामा २३ लाख ४१ हजार ६५५ किलो आयात भएकामा चालु आवको सोही अवधिमा घटेर १६ लाख ४० हजार ५५५ किलोमा सीमित भएको भन्सार कार्यालयले जनाएको छ।

वाइन पसलमा ...



खाली कार्टुन र पिय पदार्थको खाली क्यान भण्डार गरेको कोठामा भएको आगलागीमा २ बोरा चामल, २ बोरा चिउरा जलेर नष्ट भएको संचालक साहले बताए।

आगलागीको कारण खुल्न सकेको छैन। आगलागीको कारण बारे अनुसन्धान तथा क्षतिको विवरण संकलन भइरहेको प्रहरीले जनाएको छ। तीन तल्ले घरको भुइ तल्ला र दोश्रो तल्लाको कोठाहरुमा विभिन्न ब्राण्डको वाइनको गोदाम थिए भने तेस्रो तल्लामा परिवारको बसोबास रहेको थियो।

मंगलमय शुभकामना

लोक आस्थाको महान छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



सचिन्द्र दास

अध्यक्ष, तथा

जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.

राजविराज ४, सप्तरी, परिवार

मंगलमय शुभकामना

लोक आस्थाको महान छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

विश्वनाथ मण्डल

अध्यक्ष

तथा

जन ज्योति कृषि सहकारी संस्था लिमिटेड

संचालक समिति परिवार

राजविराज ९, मलेठ, सप्तरी

मंगलमय शुभकामना

लोक आस्थाको महान छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



शत्रुघन प्रसाद गुप्ता

अध्यक्ष, तथा

नेपाल सहकारी संस्था लि.

राजविराज ३, सप्तरी, परिवार

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), लेआउट : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np